गाउँ कार्यपालिकाको
मिति:- २०८२/०९/३०
(बैठक संख्या:- ०७-२०८२/०८३)
स्थान:- गाउँपालिकाको सभाहल

आज मिति २०८२ पुस ३० गते तदनुसार नेपाल संवत ११४६, पोहेलागा, एकादशी, बुधबारका दिन दिउँसो ४:०० बजे बारेकोट गाउँपालिकाका अध्यक्ष श्री वीर बहादुर गिरी ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको सातौं (०७) बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो।

**उपस्थिति:**

| | |
|---|---|
| श्री वीर बहादुर गिरी | अध्यक्ष |
| श्री नर बहादुर गिरी | सदस्य गाउँ कार्यपालिका |
| श्री ऐन बहादुर गिरी | सदस्य, गाउँ कार्यपालिका |
| श्री बीर बहादुर घर्ती | सदस्य, गाउँ कार्यपालिका |
| श्री राम बहादुर सिंह | सदस्य, गाउँ कार्यपालिका |
| श्री विष्णु बहादुर रावत | सदस्य, गाउँ कार्यपालिका |
| श्री गोरख बहादुर थापा | सदस्य, गाउँ कार्यपालिका |
| श्री शेर बहादुर चलाउने | (का.व.अ.-६) सदस्य. गाउँ कार्यपालिका |
| श्री विशाल किरण बस्नेत | सदस्य, गाउँ कार्यपालिका |
| श्री योगेन्द्र बहादुर सिंह | सदस्य, गाउँ कार्यपालिका |
| श्री दान बहादुर शाही | सदस्य, गाउँ कार्यपालिका |
| श्री दील बहादुर नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री दिपक नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री कमला कामी | सदस्य, गाउँ कार्यपालिका |
| श्री कल्पना नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री विष्णु वि. क. | सदस्य, गाउँ कार्यपालिका |
| श्री नैनी नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री मोहन प्रकाश गिरी | प्र.प्र.अ. (सदस्य सचिव) |

आमन्त्रितहरु:

| | |
|---|---|
| श्री खिम बहादुर रोकाया | कम्प्युटर अधिकृत (छैटौं) |

CamScanner

गाउँ कार्यपालिका
मितिः- २०८२/०९/३०

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्याः- ०७-२०८२/०८३)

**प्रस्तावहरुः**

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।
२. करार सम्झौताको म्याद थप सम्बन्धमा।
३. सङ्घीय समपुरक तथा विशेष अनुदानका आयोजना छनौट गर्नेसम्बन्धमा।
४. जनशक्ति व्यवस्थापन सम्बन्धमा।
५. उपचार राहत सम्बन्धमा।

**निर्णय नं. १**

बारेकोट गाउँपालिकाको यस अघि सम्पन्न कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयनको अवस्था बारे छलफल गरियो। कार्यपालिका निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

**निर्णय नं. २**

बारेकोट गाउँपालिका अन्तर्गत सङ्घ, प्रदेश र स्थानीय तहको आंशिक तथा पूर्ण अनुदानमा करार सेवामा कार्यरत कर्मचारीहरुको मिति २०८२ पुष मसान्तमा करार सम्झौताको म्याद समाप्त भएकोले आर्थिक वर्ष २०८२/०८३ को अषाढ मसान्त सम्मको लागि करार सम्झौताको म्याद थप गर्ने।

**निर्णय नं. ३**

आर्थिक वर्ष २०८३/०८४ को लागि प्रदेश सरकार तथा स्थानीय तहमा सङ्घीय समपुरक अनुदान तथाविशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना तथा कार्यक्रमको लागि राष्ट्रिय योजना आयोग बाट समपुरक अनुदान सम्बन्धी कार्यविधि (पहिलो संशोधन) २०८२ र विशेष अनुदान सम्बन्धी कार्यविधि (पहिलो संशोधन) २०८२ बमोजिम मिति २०८२।०८।२६ गतेका दिन सूचना प्रकाशन गरी प्रस्ताब आव्हान गरिएको हुँदा तपसिल बमोजिमका नयाँ तथा क्रमागत आयोना/कार्यक्रमहरुलाई प्राथमिकीकरण गरी प्रस्ताव पेश गर्ने।

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

[ १ ]

बारेकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

गाउँ कार्यपालिका

मिति:- २०८२/०९/३०

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०७-२०८२/०८३)

तपसिल

**१. सङ्घीय समपुरक अनुदान तर्फ प्रस्तावित नयाँ आयोजनाहरुः**

| क.सं. | आयोजनाको नाम | प्राथमिकता क्रम | कैफियत |
|---|---|---|---|
| १. | मुल्साम जुम्ला सडक निर्माण आयोजना, बारेकोट गाउँपालिका वडा नं. ३ | प्राथमिकता क्रम नं. १ | |
| २. | बेर्ना खोला बेलिबृज निर्माण आयोजना, बारेकोट गाउँपालिका वडा नं. ३ | प्राथमिकता क्रम नं. २ | |
| ३. | बालुवा खोला बेलिबृज निर्माण आयोजना, बारेकोट गाउँपालिका वडा नं. ४ र ५ | प्राथमिकता क्रम नं. ३ | |

**२. सङ्घीय विशेष अनुदान तर्फ प्रस्तावित नयाँ आयोजनाहरुः**

| क.सं. | आयोजनाको नाम | प्राथमिकता क्रम | कैफियत |
|---|---|---|---|
| १. | अलग पशु अलग मान घर निर्माण आयोजना, बारेकोट गाउँपालिका | प्राथमिकता क्रम नं. १ | |
| २. | पोषणमैत्री पालिका घोषणा बहुक्षेत्रीय पोषण आयोजना, बारेकोट गाउँपालिका | प्राथमिकता क्रम नं. २ | |
| ३. | जेष्ठ नागरिक घरदैलो स्वास्थ्य उपचार सेवा विस्तार आयोजना, बारेकोट गाउँपालिका | प्राथमिकता क्रम नं. ३ | |

**३. सङ्घीय समपुरक आयोजना तर्फका क्रमागत आयोजनाहरुः**

| क.सं. | आयोजनाको नाम | प्राथमिकता क्रम | कैफियत |
|---|---|---|---|
| १. | लिम्सा मुलसाम सडक निर्माण आयोजना, बारेकोट गाउँपालिका वडा नं. २ र ३ | प्राथमिकता क्रम नं. १ | |
| २. | दह जिरी जुम्ला सडक निर्माण आयोजना, बारेकोट गाउँपालिका वडा नं. ४ | प्राथमिकता क्रम नं. २ | |

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०७-२०८२/०८३)

**निर्णय नं. ४**

बारेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत शिक्षा युवा तथा खेलकुद शाखाको च.नं. ८३ मिति २०८२।०९।२५ गतेको पत्रानुसार दैनिक प्रशासनिक तथा प्राविधिक कार्य (विद्यालय नियमित निरीक्षण, अनुगमन तथा सुपरिवेक्षण) जस्ता आवश्यक कार्यहरु गर्न कठिनाइ भएको भनि पत्र प्राप्त भएको र बारेकोट गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाको स्वीकृत दरबन्दी अन्तर्गत प्रा.स. पद रिक्त रहेको अवस्थामा अर्को व्यवस्था नभए सम्मको लागि बारेकोट गाउँपालिका गाउँ वडा नं. २ निवासी श्री गिरीराज पुनलाई शिक्षा युवा तथा खेलकुद शाखामा सेवा करार विविध, कम्प्युटर अपरेटर, सहायक चौथो तह वा सो सरहको सेवासुविधा पाउने गरी कामकाजमा लगाउने।

**निर्णय नं. ५**

बारेकोट गाउँपालिका वडा नं. ३, पछेउरी निवासी गोरख बहादुर बोहराको छोरा वर्ष २६ को अर्जुन बोहरा लामो समय देखि मुटुको विरामी भई मुटुको भल्व परिवर्तन गरी हालसम्म पनि उपचारमा भइरहेको र निजको आर्थिक अवस्था न्यून भएकोहुँदा थप उपचारको लागि समस्या भएकोले बारेकोट गाउँपालिकाको उपचार राहत कोषबाट एकपटकको लागि उपचार सहयोग स्वरुप रु. ५००००।– (अक्षरुपी पचास हजार रुपैंया मात्र) उपलब्ध गराउने।

निर्णय प्रमाणित

मोहन प्रकाश गिरि
प्रमुख प्रशासकीय अधिकृत